जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.२९/५५ (हातहतियार)

दर्ता मिति :– २०७०/०५/१४

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.२४३३, मिति :– २०७१/१२/०५

| **वादी** | **प्रतिवादी** |
|---|---|
| सोनी प्रजापतिको जाहेरीले **नेपाल सरकार**..............१ | लालबहादुर ठकुराठीको छोरा काठमाण्डौं जिल्ला, इचंगुनारायण गा.वि.स. वडा नं.९ घरभई का.जि. का.म.न.पा.-३५ बस्ने वर्ष २० को सविन ठकुराठी........................................................................ १ |
| निजको प्रमाण................ | निजको प्रमाण ..................................................................... |
| साक्षीः प्रतिवेदक प्र.स.नि.देवबहादुर थापा कागज............ | साक्षी : सुरेन्द्र के सी |
| | कागज ......................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण............................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१.तत्काल यकिन वतन नखुलेको सविन भन्ने व्यक्ति नाम,थर,वतन खुली महानगरीय प्रहरी प्रभाग, कोटेश्वरको पत्रसाथ दाखिला भएको, का.म.न.पा-.३५ कोटेश्वर बस्ने वर्ष ३४ को सविन ठकुराठी, सोनी प्रजापतिको जाहेरी परेको गोली प्रहार गरी ज्यान मार्ने उद्योग गरेको मुद्दामा फरार प्रतिवादी भएको, निज प्रतिवादीलाई हातहतियार खरखजाना तर्फ समेत अनुसन्धान गरी कानून बमोजिम होस् भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

२.मिति २०६७।१।१९ गते म निखिल सिंह तास खेली वेलुका चिया नास्ता खान कोटेश्वर महादेवस्थान जाँदा संजिव प्रधानसँग भेट भयो । हामी तीनजना घटनास्थल नजिक आउदा म र मनाम लामाबीच विवाद भई धकेला धकेल भयो । अरु केटाहरुले पनि निहूँ खोज्दै थिए । घटनास्थलमा सुशिल प्रजापतिलाई गोली प्रहार भई सख्त घाइते भएको सुनेको हुँ । उक्त घटना बारे निखिल सिंह र संजिव प्रधानलाई नै थाहा छ ।

मैले गोली प्रहारी गरेको होइन । जाहेरीमा उल्लेखित सविन भन्ने व्यक्ति म सविन ठकुराठी नै हूँ । सुशिल प्रजापति माथि गोली प्रहार गरेको वारे निखिल सिंहलाई नै थाहा होला भन्ने समेत व्यहोराको प्रतिवादी सविन ठकुराठीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

३.सनाखतको लागि उभ्याइका ५ जनामध्येका वाँयाबाट दोश्रो र दाँयाबाट तेश्रो स्थानमा उभिएका सविन ठकुराठीलाई चिनें, मिति २०६७।१।१९ गते साँझ मलाई गोली प्रहार गर्नु भन्दा केही पहिला घटनास्थल नजिकै मनाम लामासँग विवाद गरी प्रतिवादी निखिल सिंहसँग हुने व्यक्ति यीनै हुन्, हाल पनि मेरो शरिरबाट गोली निकालिएको छैन । मनाम लामा समेतका साथीहरु के कता छन् थाहा भएन भनी घाइते सुशिल प्रजापतिले गरी दिएको सनाखत कागजको व्यहोरा ।

४.का.म.न.पा.-३५ स्थित सुशिल प्रजापतीलाई गोली प्रहार गरी घाइते वनाएको घटनाका सम्वन्धमा भएको सम्पूर्ण व्यहोरा मिति २०६७।५।१३ गते नै खुलाई सकेको छु । सनाखतको लागि देखाइएका व्यक्तिहरु मध्ये गोली हान्नु भन्दा अल्ली पहिला सविन ठकुराठी निखिल सिंह सँगै थिए, सविन र मनाम लामा धकेला धकेल गर्ने व्यक्ति यी नै सविन ठकुराठी हुन भनी चिन्ही सनाखत गरी दिए भन्ने समेत व्यहोराको विनोद सुव्वा लिम्वुले गरी दिएको घटना विवरण तथा सनाखत कागज ।

५.मिति २०६७।१।१९ गते साँझ का.म.न.पा.-३५ मा सुशिल प्रजापतीलाई गोली प्रहार गरी गम्भिर घाइते वनाएको, घाइतेको अस्पतालमा उपचार भएको भन्ने थाहा पाँए, घटनाको बारेमा घटनास्थल आसपास पुगी बुझ्दा निखिल सिंह निजका साथी संजिव प्रधान,सविन भन्ने हाल पुरा नाम थाहा भएका सविन ठकुराठी घटनास्थल नजिकै सुशिलका साथी मनाम लामासँग विवाद भएको विषयमा निखिल सिंहले धम्की दिई तत्काले मोटरसाइकल ल्याई गोली प्रहार गरी फरार भएको हुनु पर्छ भन्ने समेत व्यहोराको बालगोपाल शाहले गरी दिएको कागज ।

६.मिति २०६७।१।१९ गते म निखिल सिंह तास खेली वेलुका चिया नास्ता खान कोटेश्वर महादेवस्थान जादा संजिव प्रधानसँग भेट भयो । हामी तीनजना घटनास्थल नजिक आउदा म र मनाम लामा बीच विवाद भई धकेला धकेल भयो । अरु केटाहरुले पनि निहूँ खोज्दै थिए । घटनास्थलमा सुशिल प्रजापतिलाई गोली प्रहार भई सख्त घाइते भएको सुनेको हुँ । उक्त घटना बारे निखिल सिंह र संजिव प्रधानलाई नै थाहा छ । मैले गोली प्रहारी गरेको होइन । जाहेरीमा उल्लेखित सविन भन्ने व्यक्ति म सविन ठकुराठी नै हूँ । सुशिल प्रजापती माथि गोली प्रहार गरेको वारे निखिल सिंहलाई नै थाहा होला भन्ने समेत व्यहोराको प्रतिवादी सविन ठकुराठीले वयान गरेबाट उक्त घटना हुदा सविन ठकुराठी नजिकै रहेको कुरा मिसिल संलग्न प्रतिवादीको बयान कागज एवं बुझिएका मानिसले गरी दिएको कागजबाट खुल्नुका साथै निखिल सिंह गोली प्रहार गरी मोटरसाइकल ल्याई फरार भएको कुरा समेत वयानका क्रममा खुलेकाले प्रतिवादी निखिल सिंह,संजिव प्रधान र सविन ठकुराठी समेतको योजना सल्लाहबाट अवैध पेस्तोल प्रयोग गरी सुशिल प्रजापतीलाई गोली प्रहार गरी घाइते वनाएकोले निज प्रतिवादी सविन ठकुराठीलाई हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) को कसूरमा सोही ऐनको दफा २०(२) र (३) बमोजिम सँजाय हुन मागदावी लिई मिति २०७०।५।१४ मा पेश भएको पुरक अभियोग-पत्र ।

७.मिति २०६७।१।१९ गते म काठमाण्डौंमा नै थिइन, म चितवन गएको थिए । वारदातमा संलग्न भएका भनिएका निखिल सिंह भन्ने निखिल आनन्द सिंहलाई म चिन्दिन । घटनाको विषयमा मलाई केही थाहा छैन । वारदातमा प्रयोग भएको भनिएको वा ३१प ४३०० नं.को मोटरसाइकल मेरो होइन,कस्को हो थाहा छैन । सो दिन पिडित पक्षलाई झिकाई मलाई सनाखत गराउदा मेरो संलग्नता छैन भनी कोटेश्वर प्रहरीले मलाई त्यसै दिन छुटकारा दिएको थियो । तसर्थ मेरो उपर पेश भएको अभियोग-पत्र झुट्ठा कपोलकल्पित भएकोले प्रस्तुत मुद्दाबाट सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी सविन ठकुराठीले यस कार्यालय समक्ष गरेको वयान ।

८.प्रतिवादी सविन ठकुराठीले यस कार्यालय समक्षको वयानमा इन्कारी रहेको भएता पनि मिसिल संलग्न सनाखत कागज र बुझिएका मानिसले गरी दिएको कागज लगायतका प्रमाणका आधारमा यी प्रतिवादी अहिले नै कसूरदार होइनन् भन्ने अवस्था नदेखिदा पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी सविन ठकुराठीबाट मुलुकी ऐन,अ.वं.११८(५) नं.बमोजिम रु १,००,०००।-(एक लाख)

नगद वा सो वरावरको जेथा धरौट माग गर्नु । सो दिए तारेखमा राखी नदिए कानून बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्षको गर्नू भन्ने समेत व्यहोराको यस कार्यालयबाट मिति २०७०।५।१७ मा भएको आदेश ।

९.निज उपरको अभियोग सरासर झुट्ठा हो, वारदातको समयमा निज उपस्थित थिएन । निजको चालचलन,व्यवहार आचारण असल छ र थियो । निजबाट कुनै हातहतियार खरखजाना वरामद भएको होइन । निजलाई अभियोग दावी अनुसार सँजाय नभै सफाई पाउनु पर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी सविन ठकुराठीको साक्षी सुरेन्द्र के सी ले यस कार्यालय समक्ष गरेको वकपत्र ।

१०.मिति २०६७।१।१९ गते राती अं.२०.१५ बजेको समयमा का.जि.,का.म.न.पा.-३५ स्थितमा निखिल सिंह समेतले सुशिल प्रजापतीलाई गोली प्रहार गरेको घटना सम्वन्धमा घटनास्थलबाट फायर भएको गोलीको खोका वरामद भएको । उक्त घटनामा सविन ठकुराठीको पनि संलग्नता रहेको भनी मनाम लामा समेतले खुलाई कागज गरी दिएको मुचुल्का भएको सहीछाप र व्यहोरा म समेतको हो । म सो समयमा प्र.ह.पदमा कार्यरत थिए । सविन ठकुराठीको साथबाट कुनै हातहतियार गोली तथा खोकाहरु तत्काल फेला नपरेता पनि सो वारदातमा संलग्नता रहेको भन्ने प्रत्यक्षदर्शीहरुले गरेको कागजबाट देखिएको हो भन्ने समेत व्यहोराको प्रतिवेदक प्र.स.नि.देवबहादुर थापाले यस कार्यालय समक्ष गरेको वकपत्र ।

## ठहर

११.नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६७।१।१९ गते काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं.३५ स्थित सार्वजनिक स्थानमा सुशिल प्रजापतीलाई गोली हानी घाइते वनाएकोले प्रतिवादी सविन ठकुराठीलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) को कसूर अपराधमा सोही ऐनको ऐ. दफा २०(२) र २०(३) बमोजिम सजाँय गरी पाँउ भन्ने व्यहोराको अभियोग मागदावी रहेछ ।

१२.यसमा प्रतिवादीले अभियोग मागदावी वमोजिम कसूर गरेको हो होइन, गरेको भए निजलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१३.मिसिल संलग्न कागजातहरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा अनुसन्धानका क्रममा उक्त दिन निखिल सिंह तास खेली वेलुका चिया नास्ता खान कोटेश्वर महादेवस्थान जाँदा संजिव प्रधानसँग भेट भई तीन जना घटनास्थल नजिक आउदा आफु र मनाम लामाबीच विवाद भई धकेला धकेल भएको, अन्य केटाहरुले निहुँ खोज्दै गरेका, घटनास्थलमा सुशिल प्रजापतिलाई गोली प्रहार भई सख्त घाइते भएको भन्ने सुनेको, उक्त घटना बारे निखिल सिंह र संजिव प्रधानलाई नै थाह भएको, आफुले गोली प्रहार नगरेको, जाहेरीमा सविन भन्ने व्यक्ति आफु सविन ठकुराठी नै भएको, सुशिल प्रजापती माथि गोली प्रहार गरेको वारे निखिल सिंहलाई नै थाहा होला भनी प्रतिवादी सविन ठकुराठीले कसुरमा इन्कार रही अनुसन्धान अधिकारी समक्षमा वयान गरी यस कार्यालय समक्षको वयानमा वारदात मितिमा आफु चितवन गएको, निखिल सिंहलाई नचिनेको, वारदातमा प्रयोग भएको वा ३१ प ४३०० नं को मोटरसाइकल आफ्नो नभएको, कस्को हो थाह नभएको, प्रहरीले आफुलाई झिकाई पीडित पक्ष भनिएका व्यक्तिहरुबाट सनाखत गराउदा मेरो संलग्नता छैन भनी दिएकाले त्यसै दिन छुट्कारा पाएको भनी इन्कार रही वयान गरेका रहेछन् ।

१४.निज उपरको अभियोग सरासर झुट्ठा हो, वारदातको समयमा निज उपस्थित थिएन । निजको चालचलन, व्यवहार आचारण असल छ र थियो । निजबाट कुनै हातहतियार खरखजाना वरामद भएको होइन । निजलाई अभियोग दावी अनुसार सँजाय नभै सफाई पाउनु पर्ने हो भनी प्रतिवादी सविन ठकुराठीको साक्षी सुरेन्द्र के सी ले यस कार्यालय समक्ष गरेको वकपत्रबाट पनि पतिवादीको इन्कारी बयानलाई समर्थन गरिरहेको छ । अर्कोतर्फ सविन ठकुराठीको साथबाट कुनै हातहतियार गोली तथा खोकाहरु तत्काल फेला नपरेता पनि सो वारदातमा संलग्नता रहेको भन्ने प्रत्यक्षदर्शीहरुले गरेको कागजबाट देखिएको हो भन्ने व्यहोराको प्रतिवेदक प्र.स.नि.देवबहादुर थापाले यस कार्यालय समक्ष गरेको वकपत्रबाट पनि प्रतिवादीको साथबाट कुनै हात हतियार खरखजाना वरामद नभएको तथ्य स्पष्ट हुन आयो ।

१५.हातहतियार खरखजानाको प्रयोग गरी ज्यान मार्ने उद्योग गरिएको भन्ने मुद्दामा यी प्रतिवादी सविन ठकुराठी र अर्का प्रतिवादी निखिल सिंहलाई अभियोग दावीबाट सफाई दिने गरी काठमाण्डौं जिल्ला अदालतबाट मिति

२०७०।११।२१ गते फैसला भएको मिसिल संलग्न कागजाहरुबाट देखिन्छ । यसै पुरक अभियोगको मुल अभियोग-पत्र ( मिसिल नं.६१) मा प्रतिवादी निखिल सिंहलाई अभियोग दावीबाट सफाई दिने गरी यस कार्यालयबाट मिति २०६८।८।२१ मा फैसला भइसकेको रहेछ ।

१६. तसर्थ, माथि विवेचित प्रतिवादीको इन्कारी वयान, प्रतिवादीका साक्षीको वकपत्र, प्रतिवादीको साथ स्वामित्वबाट कुनै हातहतियार खरखजाना वरामद नभएको अवस्था र जाहेरवाला सोनु प्रजापतीले काठमाण्डौं जिल्ला अदालतमा चलेको ज्यान मार्ने उद्योग मुद्दामा जाहेरी व्यहोरा झुट्ठा भएको, प्रतिवादीहरुलाई नचिनेको, गोली प्रहार नभएको भनी गरेको वकपत्र समेतका आधारमा यी प्रतिवादीले हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) बमोजिम विना इजाजत हातहतियार खरखजाना साथमा राखेको, लिई हिडेको भन्ने अभियोग दावी पुग्न नसकी प्रतिवादी सविन ठकुराठीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं. बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसिल

प्रतिवादी सविन ठकुराठी के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजले सफाई पाउने ठहरेकोले निजले मिति २०७०।५।१७ मा राखेको घरौटी रकम रु १,००,०००।- फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भएपछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु............१

प्रस्तुत फैसला उपर चित्त नबुझे ७०(सत्तरी ) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु हुन जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी सहित पुनरावेदन म्याद दिनु ..........................................................................................................२

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू..३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ....................................................४

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपि
कम्प्युटर ना.सु.परशुराम थापा,
ना.सु.भुवराज घिमिरे

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल चैत्र महिना ०५ गते रोज ५ शुभम् ......................